


४ख. जिल्ला न्याय क्षेत्र समन्वय समिति :

(१) जिल्ला अदालतको काम कारवाहीलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्न, जिल्ला तहका न्यायक्षेत्रका विभिन्न निकायहरु बीचको काम कारवाहीमा समन्वय गरी न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनका लागि सहयोग जुटाउन र अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न देहायबमोजिमको एक जिल्ला न्याय क्षेत्र समन्वय समिति रहनेछ :-

(क) जिल्ला न्यायाधीश - अध्यक्ष
(ख) प्रमुख जिल्ला अधिकारी - सदस्य
(ग) जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय - सदस्य
(घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य
(ङ) अध्यक्ष, सम्बन्धित बार इकाई - सदस्य
(च) कारागार प्रमुख - सदस्य
(छ) जिल्ला न्यायाधीशले मनोनित गरेको जिल्लास्थित नागरिक समाजको प्रतिनिधि एकजना - सदस्य
(ज) श्रेस्तेदार - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (छ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) एकभन्दा बढी न्यायाधीश रहेका जिल्ला अदालतका हकमा अन्य न्यायाधीश, जिल्लास्थित स्थानीय निकाय, अन्य कार्यालयका प्रमुखलाई अध्यक्षले आवश्यकतानुसार जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) जिल्ला न्याय क्षेत्र समन्वय समितिले आफ्नो कामकारवाहीको त्रैमासिक प्रतिवेदन केन्द्रीय न्याय क्षेत्र समन्वय समिति र सम्बन्धित पुनरावेदन तहको न्याय क्षेत्र समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ ।

(५) जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठकमा अदालतमा विचाराधीन कुनै मुद्दाको सम्बन्धमा, कुनै पनि पदाधिकारीको व्यक्तिगत आचरणको विषयमा र अन्य कुनै निकायसंग असम्बन्धित एउटै निकायको नितान्त आन्तरिक विषयमा छलफल गरिने छैन ।


प्रकाशन सहयोग:

**कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम**

(RoLHR/ UNDP)

UNDP




# न्याय क्षेत्र समन्वय समिति

## परिचय पुस्तिका

२०७०



**सर्वोच्च अदालत**

काठमाडौं, नेपाल

# न्याय क्षेत्र समन्वय समिति

## १. विषय प्रवेश

न्याय मानव मात्रको नैसर्गिक आवश्यकता हो । न्याय प्रशासन गर्नु राज्यको प्राथमिक कार्य हो । न्याय सम्पादनको कार्य न्यायपालिकाबाट हुँदै आएको पाइन्छ । स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादनमार्फत नागरिकका मौलिक हक तथा कानूनी अधिकारको संरक्षण गर्ने र कानूनको शासन कायम गर्ने जिम्मेवारी प्रजातान्त्रिक शासन प्रणालीमा न्यायपालिकालाई सुम्पिएको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले नेपालको न्याय सम्बन्धी अधिकार संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत र न्यायिक निकायहरुबाट सम्पादन हुने व्यवस्था गरेको छ । संविधानले जनताका हक अधिकारहरुलाई रक्षा गरी कानूनी राजलाई जीवन्तता दिन सक्ने विश्वास गरी न्याय सम्पादनको जिम्मेवारी न्यायपालिकामाथि सुम्पेको छ ।

संविधान र कानूनद्धारा न्याय सम्पादनको जिम्मेवारी अदालतलाई सुम्पिएको भएता पनि अदालतको एकल प्रयासवाट मात्र सफलतापूर्वक यो जिम्मेवारी पूरा गर्न सम्भव हुँदैन । वस्तुतः राष्ट्र निर्माणको कार्य जस्तै न्याय सम्पादनको कार्य पनि वहुपक्षीय (Multi-dimensional) विषय हो । राज्य शक्तिको प्रयोग गर्ने हरेक निकाय, समुदाय तथा अन्य सरोकारवालाहरुको सकारात्मक सहयोग र समन्वयात्मक कार्यशैलीवाट मात्र न्यायलाई सहज, सर्वसुलभ, छिटोछरितो, पहुँचयोग्य, प्रभावकारी र सबैको विश्वासयोग्य बनाउन सकिन्छ । अदालतवाट भएका वा हुने फैसला र आदेशहरु विभिन्न सरोकारवाला निकायहरुको प्रयासको समग्र नतिजा हो । यस्ता सरोकारवालाहरुमध्ये एउटा मात्रको पनि लापरवाही, असहयोग र अदक्षताले समग्र न्याय निरोपणको कार्य प्रभावित हुन पुग्दछ र अन्ततोगत्वा समग्र न्याय प्रणालीप्रतिको आस्था र विश्वासमा नै प्रतिकूल प्रभाव पर्न जान्छ । त्यसैले छिटोछरितो, कम खर्चिलो, सुलभ, सबैको पहुँचयोग्य र विश्वासयोग्य न्यायको लागि न्यायपालिकासँग सरोकार राख्ने सबै निकायहरु, त्यसमा कार्यरत पदाधिकारीहरु, समुदाय र अन्य सरोकारवालाहरु वीच समन्वयात्मक र सहयोगात्मक सम्वन्ध जरुरी हुन्छ ।



## २. न्याय क्षेत्र समन्वय समितिको आवश्यकता

न्यायिक प्रक्रियामा फैसला वा आदेशको उद्घोषण गर्ने कार्य न्यायपालिकाबाट हुने भएतापनि संपूर्ण न्यायिक प्रक्रिया न्यायपालिकाको एकल प्रयासबाट मात्र संभव हुने विषय होइन् । अदालतबाट जारी हुने म्याद सूचनाको तामेली, इजलासको आदेश कार्यान्वयन, प्रमाण संकलन तथा परीक्षण आदि न्यायिक प्रक्रियाका विभिन्न चरणहरुमा अन्य निकाय वा पदाधिकारीहरु र नागरिक समाजको सहभागिता र सहयोग आवश्यक हुन्छ । यस्तै अदालतको सुरक्षा, न्यायिक जनशक्तिको क्षमता विकास, न्यायिक स्वतन्त्रताको प्रवर्द्धन, न्यायिक सूचनाको संप्रेषण,मेलमिलाप पद्धतिको प्रयोग तथा प्रवर्द्धन, फैसला कार्यान्वयन, अदालतको भौतिक पूर्वाधारको बिस्तार तथा सुदृढीकरण, न्यायिक सुधार तथा योजना कार्यान्वयन आदि कार्यहरुमा पनि अन्य निकाय, पदाधिकारीहरु तथा समुदायसँगको सहकार्य र सहयोग आवश्यक हुन्छ । यसरी न्याय सम्पादनको कार्य सरोकारवालाहरुको सामुहिक क्रियाकलापको परिणति भएतापनि यसलाई अझ पनि कतिपय अवस्थामा समग्रतामा (holistic approach) हेर्ने गरिएको छैन । अझपनि अदालत र वार एशोसिएशन, सरकारी वकिल, प्रहरी, अन्य अदालत र न्यायिक निकायहरु आदि न्यायिक क्रियाकलापसँग प्रत्यक्ष रुपमा सम्वन्धित निकायहरुकै वीचमा पनि पर्याप्त सञ्चार, सहयोग र समन्वयको अभाव खट्किएको अवस्था छ भने अदालत र अन्य सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाज, स्थानीय निकायहरु र सञ्चार माध्यमसँगको सम्बन्ध र समन्वय त झन कमजोर रहेको देखिन्छ । यसैले जबसम्म न्याय सम्पादनमा एकाङ्गी दृष्टिकोणलाई त्यागेर सामूहिकता अपनाउन सकिदैन, सरोकारवालाहरु वीच उचित सञ्चार र समझदारीको विकास गर्न सकिदैन, तबसम्म न्याय प्रशासनको वर्तमान अवस्थामा पनि सुधार गर्न र छिटोछरितो, प्रभावकारी, पहुँचयोग्य र सबैको विश्वासयोग्य न्याय प्रणालीको कल्पना गर्न सकिदैन ।

यस्तै समयको गतिशिलता, सूचना प्रविधिको क्षेत्रमा भएको तीव्र विकास, आर्थिक, सामाजिक एवं राजनीतिक क्षेत्रमा आएको परिवर्तन, विश्वव्यापीकरण, न्याय र कानूनको क्षेत्रमा विकसित नविनतम् विधिशास्त्रीय मान्यताहरुको विकास, जनताको छिटोछरितो, निष्पक्ष, सुलभ, सही, सवैको पहुँचयुक्त र विश्वासयुक्त न्यायको आकांक्षा पूरा गर्न, न्यायिक सुधारबाट अपेक्षित नतिजा हासिल गर्न तथा एक्काइसौ शताव्दीमा न्यायपालिका सामु देखिएका चुनौतिहरुको सामना न्यायपालिका एक्लैले गर्न संभव नभएकोले यसमा अन्य निकाय र

सरोकारवालाहरुको सहयोग, सहकार्य, समन्वय जरुरी हुन्छ ।अदालतलाई सुम्पिएको न्याय सम्पादनको जिम्मेवारी सफलतापूर्वक पूरा गर्न र रणनीतिक योजनाको लक्ष्य हासिल गर्न सरकार, कानून व्यवसायी, अनुसन्धानकर्ता, अभियोजनकर्ता, नागरिक समाज, राजनैतिक दल, सरकारी निकाय, स्थानीय निकाय, दातृ निकाय, सञ्चार माध्यम, गैर सरकारी संस्था आदि सबैको सकारात्मक सहयोग र सहकार्य आवश्यक हुन्छ। न्यायका सरोकारवालाहरु वीच पारस्पारिकताको आधारमा सहकार्यमूलक संवन्ध विकास गर्न सकिएमा मात्र संविधान र कानूनले न्यायपालिकालाई सुम्पिएको तथा जनताको अपेक्षाअनुसारको छिटो छरितो, सुलभ, प्रभावकारी, सवैको पहुँचयुक्त र निष्पक्ष न्याय संभव हुन्छ। न्याय क्षेत्रका सरोकारवालाहरुलाई एउटै छातामुनि गोलवद्ध गर्दै सहयोग र समन्वयको साझा चौतारी वा मञ्चको रुपमा विकास गर्न न्याय क्षेत्र समन्वय समितिको अवधारणाको विकास गरिएको हो। यस्तो मञ्चबाट न्याय सम्पादनमा देखिएका समस्याहरु, कमीकमजोरीहरु पहिचान गरी समाधानको पहल गर्न तथा सरोकारवालाहरु वीच उपयुक्त सञ्चारको विकास गरी उनीहरु वीच विश्वास र समझदारी विकास गर्न पनि सघाउ पुग्ने हुन्छ।

## ३. न्याय क्षेत्र समन्वय समितिको विकास

न्याय क्षेत्रका सबै सम्वन्धित निकायहरु र अन्य सरोकारवालाहरुलाई एकै ठाउँमा ल्याउन र सहयोग एवं समन्वयका क्षेत्रहरु पहिचान गरी अगाडि बढ्न धेरै पहिलेदेखि नै एउटा संस्थागत सम्पर्क सूत्र (Institutional Linkage) को आवश्यकता महसुस गरिएको थियो। सो रिक्तता पूरा गर्न न्यायपालिकाको प्रथम पंचवर्षिय रणनीतिक योजना (२०६०/६१ - २०६५/६६) ले न्याय क्षेत्र मञ्च स्थापना गर्ने प्रस्ताव गरी सरोकार निकायहरुसँग सम्वन्ध विकास गर्ने सैद्धान्तिक अवधारणाको बिजारोपण गरेको थियो। सोहि योजना अनुरुप सर्वप्रथम मिति २०६१।५।७ गते यस्तो मञ्च गठनका सम्वन्धमा छलफल एवम् परामर्शका लागि सर्वोच्च अदालतमा तयारी वैठक बसी उक्त वैठकको सिफारिसको आधारमा सर्वोच्च अदालतको मिति २०६१।५।११ को निर्णयअनुसार केन्द्रीय तहमा न्याय क्षेत्र समन्वय समितिको गठन भएको थियो। यस्तै यस्तो सम्यन्त्रलाई पुनरावेदन अदालत र जिल्ला अदालत तहसम्म बिस्तार गर्नुपर्ने आवश्यकता महसुस गरी केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको वैठकको सिफारिसअनुसार सर्वोच्च अदालतको मिति २०६१।७।१३ निर्णयबाट सवै पुनरावेदन अदालतहरु तथा जिल्ला अदालतहरुमा क्रमशः पुनरावेदन न्याय क्षेत्र समन्वय समिति र जिल्ला न्याय क्षेत्र समन्वय समितिको गठन गर्ने निर्णय भएको हो।



यसरी सर्वोच्च अदालतको सक्रियतामा प्रशासनिक निर्णयबाट सिर्जना र विकास भएको न्याय क्षेत्र समन्वय समितिलाई अझ बढी व्यवस्थित बनाई न्याय सम्पादनमा प्रभावकारिता ल्याउन मिति २०६७।४।३ मा सर्वोच्च अदालत, पुनरोदन अदालत र जिल्ला अदालत नियमावलीहरुमा समेत समावेश गरी सर्वोच्च अदालतमा केन्द्रीय न्याय क्षेत्र समन्वय समिति, पुनरावेदन अदालतहरुमा पुनरावेदन न्याय क्षेत्र समन्वय समिति र जिल्ला अदालतहरुमा जिल्ला अदालत न्याय क्षेत्र समन्वय समितिको कानूनी व्यवस्था गरी थप संस्थागत गर्ने प्रयास गरिएको छ।

## ४. न्याय क्षेत्र समन्वय समितिको गठन र कार्यक्षेत्र

स्थापनाकालमा सर्वोच्च अदालतको प्रशासकीय निर्णयबाट अस्तित्वमा आएको न्याय क्षेत्र समन्वय समितिलाई मिति २०६७।४।३ देखि सर्वोच्च अदालत नियमावली, पुनरावेदन अदालत नियमावली र जिल्ला अदालत नियमावलीमा समावेश गरी वैधानिकता दिएको पाइन्छ। अदालत सम्बन्धी उक्त नियमावलीहमा न्याय क्षेत्र समन्वय समितिको गठन निम्नानुसार हुने व्यवस्था गरिएको छ :

### ४.१. केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको गठन र कार्यक्षेत्र

सर्वोच्च अदालत नियमावली २०४९ को नियम १३घ४ ले सर्वोच्च अदालत, मातहत अदालत तथा न्यायिक निकायहरुको काम कारवाही सुव्यवस्थित ढंगले सञ्चालन गराउन, जिल्ला तथा पुनरावेदन तहका न्याय क्षेत्र समन्वय समितिको काम कारवाही, न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिन एवम् अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न निम्नानुसारको केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको गठन हुने व्यवस्था गरेको छ :-

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको एकजना न्यायाधीश - अध्यक्ष

(ख) प्रधान न्यायाधीशले आवश्यक सम्झेमा सर्वोच्च अदालतका अन्य न्यायाधीश -सदस्य

(ग) प्रधान न्यायाधीशले तोकेको पुनरावेदन अदालतको मुख्य न्यायाधीश एकजना -सदस्य

(घ) कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान -सदस्य

| | | |
|---|---|---|
| (ङ) | रजिष्ट्रार, सर्वोच्च अदालत | -सदस्य |
| (च) | सचिव, न्याय परिषद | -सदस्य |
| (छ) | सचिव, कानून तथा न्याय मन्त्रालय | -सदस्य |
| (ज) | महान्यायाधिवक्ताले तोकेको नायव महान्यायाधिवक्ता | -सदस्य |
| (झ) | प्रहरी महानिरीक्षकले तोकेको अतिरिक्त प्रहरी महानिरीक्षक | -सदस्य |
| (ञ) | प्रधान न्यायाधीशले तोकेको जिल्ला न्यायाधीश एकजना | -सदस्य |
| (ट) | अध्यक्ष, नेपाल वार एशोसिएशन | -सदस्य |
| (ठ) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ड) | सहसचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| (ढ) | महानिर्देशक, कारागार व्यवस्थापन विभाग | -सदस्य |
| (ण) | महानिर्देशक, फैसला कार्यान्वयन निर्देशनालय | -सदस्य |
| (त) | प्रधान न्यायाधीशले मनोनीत गरेको नागरिक समाजको प्रतिनिधि एकजना | -सदस्य |
| (थ) | रजिष्ट्रारले तोकेको सर्वोच्च अदालतको सहरजिष्ट्रार | -सदस्य सचिव |

साथै केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको बैठकमा अध्यक्षले आवश्यक सम्झेका अन्य न्यायाधीश पदाधिकारी तथा व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्ने व्यवस्था उक्त नियमावलीमा गरिएको छ। उक्त समितिमा नागरिक समाजको तर्फबाट प्रधान न्यायाधीशले मनोनित गरेको नागरिक समाजको प्रतिनिधि सदस्यको पदावधि दुई वर्षको हुने व्यवस्था गरिएको छ। सर्वोच्च अदालतनियमावली २०४९ मा गरिएको व्यवस्था अनुसार केन्द्रीय न्याय क्षेत्र समन्वय समितिलाई निम्न काम, कर्तव्य र अधिकार तोकिएको पाइन्छ :-

- न्यायिक काम कारवाहीलाई छिटोछरितो एवम् प्रभावकारी बनाउन तथा न्यायमा जनताको पहुँच बढाउनको लागि सरोकारलावाला निकायहरु वीचको सम्बन्ध विकास र समन्वय कायम गर्ने विषयमा आवश्यक प्रवन्ध गर्ने,
- पुनरावेदन तथा जिल्ला अदालतहरुमा रहेका न्याय क्षेत्र समन्वय समितिको काम कारवाहिको अनुगमन गरी प्रभावकारिताको लागि आवश्यक मार्ग निर्देश गर्ने,



- फैसला कार्यान्वयनको अवस्थाको आवधिक मूल्यांकन गरी शीघ्र फैसला कार्यान्वयनका लागि आवश्यक नीति निर्धारण तथा सरोकार निकायहरुसँग समन्वय गर्ने ।

नियमावलीमा भएको उल्लिखित कार्यहरुको अतिरिक्त केन्द्रीय न्याय क्षेत्र समन्वय समितिले सरोकारवालाहरु वीच सहयोग र समन्वय प्रवर्धन गर्न आवश्यक नीति र योजनाहरु तर्जुमा गरी कार्यान्वयनका लागि पहल गर्ने, न्यायिक काम कारवाहीलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न कुनै अन्तरनियकागत समस्या आइपरेमा छलफल गरी समाधान सुझाउने, जिल्ला तथा पुनरावेदन न्याय क्षेत्र समन्वय समितिबाट प्रस्तुत गरिएका समस्याहरुउपर छलफल गरी उचित समाधानको पहल गर्न सक्छ ।

## ४.२ पुनरावेदन न्याय क्षेत्र समन्वय समितिको गठन र कार्यक्षेत्र

पुनरावेदन अदालत नियमावली २०४८ को नियम ११२ ख. अनुसार सवै पुनरावेदन अदालतहरुमा देहाय बमोजिमको पुनरावेदन न्याय क्षेत्र समन्वय समितिको गठन हुने व्यवस्था गरिएकोछ:

| | |
|---|---|
| ▪ पुनरावेदन अदालतको मुख्य न्यायाधीश | अध्यक्ष |
| ▪ क्षेत्रीय प्रशासक वा क्षेत्रीय प्रशासक नरहेको ठाँउमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | सदस्य |
| ▪ सहन्यायाधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय | सदस्य |
| ▪ क्षेत्रीय प्रहरी प्रमुख | सदस्य |
| ▪ अध्यक्ष, सम्बन्धित वार इकाइ | सदस्य |
| ▪ मुख्य न्यायाधीशले तोकेको नागरिक समाजको प्रतिनिधि | सदस्य |
| ▪ सम्बन्धित पुनरावेदन अदालतको रजिष्ट्रार | सदस्य सचिव |

पुनरावेदन न्याय क्षेत्र समन्वय समितिको बैठकमा अध्यक्षले आवश्यक सम्झेका सम्बन्धित पुनरावेदन अदालतका अन्य न्यायाधीश र पुनरावेदन तहका अन्य कार्यालय प्रमुखलाई पनि आमन्त्रण गर्न सक्ने व्यवस्था गरिएको छ। मुख्य न्यायाधीशले तोकेको नागरिक समाजको सदस्यको पदाबधि २ बर्षको हुने व्यवस्था नियमावलीमा गरिएको छ। पुनरावेदन न्याय क्षेत्र समन्वय समितिलाई निम्न जिम्मेवारी तोकिएको छ :-

- पुनरावेदन अदालत, मातहतका जिल्ला अदालत र न्यायिक निकायहरुको काम कारवाही  सुव्यवस्थित रुपले संचालन गराउने,

- जिल्ला न्याय क्षेत्र समन्वय समितिका काम कारवाही, न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिने
- अदालतको सुरक्षा व्यवस्थालाई समन्वय गर्ने ।

पुनरावेदन न्याय क्षेत्र समन्वय समितिले नियमावलीमा व्यवस्था भएका उल्लिखित कार्यहरुको अतिरिक्त निम्न कार्यहरु पनि गर्न सक्ने देखिन्छ

- न्यायिक काम कारवाहीसँग सम्बन्धित अन्तरनिकायगत समस्याहरु आइपरेमा समितिको बैठकमा छलफल गरी उचित समझदारी कायम गर्ने,
- एक आपसमा सहयोग गर्न सकिने सहयोगका क्षेत्रहरु पहिचान गरी सहयोग प्रबर्धन गर्ने,
- केन्द्रीय न्याय क्षेत्र समन्वय समितिबाट प्राप्त निर्देशनहरुको पालना गर्ने र गराउने ।

### ४.३ जिल्ला न्याय क्षेत्र समन्वय समितिको गठन र कार्यक्षेत्र

जिल्ला अदालत नियमावली २०५२ को नियम ४ख अनुसार सवै जिल्ला अदालतमा गठन हुने व्यवस्था गरिएको छ । जिल्ला न्याय क्षेत्र समन्वय समितिको गठन यस प्रकार हुने व्यवस्था गरिएको छः

- जिल्ला न्यायाधीश — अध्यक्ष
- प्रमुख जिल्ला अधिकारी — सदस्य
- जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय — सदस्य
- प्रमुख, जिल्ला प्रहरी कार्यालय — सदस्य
- अध्यक्ष, सम्बन्धित बार इकाई — सदस्य
- कारागार प्रमुख — सदस्य
- जिल्ला न्यायाधीशले मनोनित गरेको नागरिक समाजको प्रतिनिधि सदस्य
- स्रेस्तेदार — सदस्य सचिव

जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठकमा एकभन्दा बढी न्यायाधीश रहेका जिल्ला अदालतका हकमा अध्यक्षले अन्य न्यायाधीश, जिल्लास्थित स्थानीय निकाय र अन्य कार्यालयका प्रमुखलाई पनि आवश्यकता अनुसार आमन्त्रण गर्न सक्ने व्यवस्था गरिएको छ । जिल्ला न्यायाधीशले मनोनित गरेको नागरिक समाजको सदस्यको पदाबधि २ बर्षको हुने व्यवस्था नियमावलीमा गरिएको छ । जिल्ला न्याय क्षेत्र समन्वय समितिलाई निम्न बिषयमा समन्वय गर्ने जिम्मेवारी तोकिएको छः-



- जिल्ला अदालतको काम कारवाही सुव्यवस्थित रुपले संचालन गराउने,
- जिल्ला तहका न्याय क्षेत्रका बिभिन्न निकायहरु बीचको काम कारवाहीमा समन्वय गरी न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनको लागि सहयोग जुटाउने र
- अदालतको सुरक्षा व्यवस्थालाई समन्वय गर्ने ।

जिल्ला अदालत नियमावलीमा भएका उल्लिखित व्यवस्थाहरुको अतिरिक्त निम्न कार्यहरु पनि गर्न सक्ने देखिन्छः-

- न्यायिक काम कारवाहीसँग सम्बन्धित अन्तर निकायगत समस्याहरु आइपरेमा छलफल गरी उचित समझदारी कायम गर्ने,
- सरोकारवालाहरु बीच एक आपसमा गर्न सकिने सहयोगका क्षेत्रहरु पहिचान गरी आपसी सहयोग प्रवर्धन गर्ने,
- केन्द्रीय तथा पुनरावेदन न्याय क्षेत्र समन्वय समितिबाट प्राप्त निर्देशनहरुको पालना एवम् कार्यान्वयन गर्ने गराउने,
- न्याय प्रशासनलाई प्रभावकारी तुल्याउन कुनै कानून, नीति, योजनामा सुधार गर्नुपर्ने देखिए वा केन्द्रीय तहमै समन्वय हुनुपर्ने देखिएमा केन्द्रीय न्याय क्षेत्र समन्वय समितिमा लेखी पठाउने र पुनरावेदन तहबाट समाधान हुनुपर्ने विषय वा समस्या भएमा पुनरावेदन न्याय क्षेत्र समन्वय समितिमा लेखी पठाउने,
- जिल्लास्थित विभिन्न निकाय एवम् सरोकारवालाहरु बीच अन्तरक्रिया गर्ने गराउने ।

## ५. न्याय क्षेत्र समन्वय समितिको बैठकको कार्यविधि र निर्णय

तीनै तहको न्याय क्षेत्र समन्वय समितिको वैठक आवश्यकता अनुसार बस्न सक्दछ । सम्वन्धित समितिका अध्यक्षको निर्देशन अनुसार सम्बन्धित सदस्य सचिवले समितिको बैठक बोलाउनुपर्छ । अध्यक्षको अनुमतिले सदस्य सचिवले बैठकमा पेश हुने एजेण्डा तय गरी छलफलको लागि बैठकमा पेश गर्नुपर्छ । बैठकमा कुनै विषयमा सदस्यहरु बीच मतैक्यता नभएमा बहुमत सदस्यको राय समितिको निर्णय मानिने र मत बरावर भएमा अध्यक्षको मत निर्णायक हुने व्यवस्था गर्न सकिनेछ । यसको अतिरिक्त बैठकको अन्य कार्यविधि केन्द्रीय न्याय क्षेत्र समन्वय समितिले निर्देशन गरे बमोजिम वा सम्बन्धित समिति आफैले तय गरे बमोजिम अपनाउन सकिन्छ ।

## ६. न्याय क्षेत्र समन्वय समितिमा छलफल गर्न नहुने विषयहरु

न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता, स्वच्छता र सर्वसाधारणको न्यायपालिकाप्रतिको आस्था र विश्वासमा आँच आउन नदिन देहायका विषयहरुमा कुनै तहको न्याय क्षेत्र समन्वय समितिको बैठकमा छलफल गर्न नपाइने गरी नियमावलीले बन्देज लगाएको पाइन्छ :

- अदालतमा विचाराधिन कुनै मुद्दाको विषयमा,
- कुनै पनि पदाधिकारीको व्यक्तिगत आचरणको विषयमा र
- अन्य कुनै निकायसँग सम्बन्ध नभएको एउटै निकायको नितान्त आन्तरिक विषयमा ।

## ७. समितिहरुले प्रतिवेदन गर्नुपर्ने

जिल्ला न्याय क्षेत्र समन्वय समितिले आफ्नो काम कारवाहीको त्रैमासिक प्रतिवेदन केन्द्रीय न्याय क्षेत्र समन्वय समिति र सम्बन्धित पुनरावेदन तहको न्याय क्षेत्र समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था जिल्ला अदालत नियमावलीमा गरिएको छ । यस्तै पुनरावेदन न्याय क्षेत्र समन्वय समितिले आफ्नो काम कारवाहीको त्रैमासिक प्रतिवेदन केन्द्रीय न्याय क्षेत्र समन्वय समितिसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ ।

## ८. न्याय क्षेत्र समन्वय समितिको सहयोग र समन्वयका संभाव्य क्षेत्रहरु

माथि विभिन्न तहका न्याय क्षेत्र समन्वय समितिको कार्यक्षेत्रमा उल्लेख भएका विषयभित्र निम्न विषयहरु लगायतमा समन्वय र छलफल गर्ने गरी विभिन्न तहका न्याय क्षेत्र समन्वय समितिहरुले छलफल तथा निर्णय गर्न र सो सम्बन्धमा अन्य गतिविधिहरु सञ्चालन गर्न सक्ने देखिन्छ :

- न्यायिक स्वतन्त्रताको सम्मान र प्रवर्द्धन,
- म्याद, सूचना तामेली, नापनक्शा, सर्जमिन, मुद्दामा आवश्यक मिसिल, कागज, जवाफ आदानप्रदान, मुद्दाको पेशी व्यवस्थापन, कारवाही र मुद्दा सुनुवाइ लगायतका न्यायिक काम कारवाहीमा सहयोग, समन्वय गर्ने,
- अदालतको लागि आवश्यक पर्ने वजेट, श्रोत साधनको विनियोजन,
- अदालतको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको विकास र व्यवस्थापन,
- आवश्यक पर्ने जनशक्तिको दरवन्दी स्वीकृत र पदपूर्ति,



- अदालत र न्यायिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास, तालिम, अन्तरक्रिया,
- मेलमिलाप पद्धतिको प्रवर्द्धन,
- कैदी थुनुवाको मुद्दा पुर्पक्षको समयमा उपस्थितिको प्रत्याभूति,
- अदालत, न्यायाधीश एवं कर्मचारीको आवास, अदालतमा कार्यरत न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, साक्षी, पीडित, मुद्दाका पक्षहरु र अदालत उपयोगकर्ताको व्यक्तिगत सुरक्षा,
- अदालत प्रवेशको व्यवस्थापन,
- फैसला, आदेश कार्यान्वयनमा प्रभावकारिता ल्याउने,
- सही र यथार्थ न्यायिक सूचना प्रवाहमा अभिवृद्धि गर्ने,
- न्यायिक काम कारवाहीमा सूचना प्रविधिको प्रयोग,
- कानूनी सहायता कार्यक्रमको समन्वय र प्रभावकारिता अभिवृद्धि,
- न्यायिक सुधार र विकास तथा रणनीतिक योजनाको सफल कार्यान्वयन,
- कानूनी शिक्षाको पाठ्यक्रम पुनरावलोकन र परिमार्जन,
- कानून निर्माण, संशोधन, परिमार्जन,
- स्वच्छ सुनुवाइको प्रत्याभूति,
- न्यायमा पहुँच अभिवृद्धि,
- निरीक्षण निर्देशनको कार्यान्वयन,
- पुराना मुद्दाहरुको फछ्र्यौट,
- न्यायपालिकाको रणनीतिक योजनाको कार्यान्वयन,
- अपराध अनुसन्धान, अभियोजन ।

## ९. केन्द्रीय न्याय क्षेत्र समन्वय समितिबाट भएका केही महत्वपूर्ण निर्णयहरु तथा गतिविधिहरु

- न्याय क्षेत्र समन्वय समितिको परिचयात्मक पुस्तिका तयार गरी सरोकारवाला निकायहरुलाई वितरण गर्ने ।
- कानूनको शासनको सुदृढीकरणका विषयमा समन्वय समितिका पदाधिकारीहरु बीच अन्तरक्रिया गर्ने ।
- थुनुवा, बन्दी र कानून व्यवसायी बीचको परामर्शको कार्यलाई सहज र प्रभावकारी बनाउने ।
- फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन गठित कार्यदलको प्रतिवेदन लागू गर्ने ।

- फैसला कार्यान्वयन निर्देशिका तयार गर्ने ।
- अदालत तथा अर्ध न्यायिक निकायमा कार्यरत कर्मचारीलाई लक्षित गरी न्यायिक प्रक्रिया र मानव अधिकार संवन्धी अनुशिक्षण कार्यक्रम संपन्न ।
- रणनीतिक योजनाको कार्यान्वयनमा केन्द्रीय न्याय क्षेत्र समन्वय समितिका पदाधिकारीहरुले आ-आफ्नो निकायको तर्फबाट प्रतिवद्धता र सहयोग गर्ने ।
- मातहत न्याय क्षेत्र समन्वय समितिको काम कारवाहीको अनुगमन गर्ने तथा निर्देशन दिने ।
- फैसलाबमोजिम लागेको कैद, दण्ड जरिवाना असुल उपर गर्नेले प्रोत्साहन रकम पाउने कुराको जानकारी सञ्चार माध्यमबाट सर्वसाधारण र प्रहरीलाई दिने ।
- कारागारहरुको अवस्था सुधार गरी सुविधा संपन्न र आधुनिकीकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।
- थुनुवा कैदीलाई पेशीको दिन समयमा नै अदालतमा उपस्थित गराउने ।
- थुनुवालाई भरसक मुद्दा फैसला नभएसम्म सम्बन्धित कारागारबाट स्थानान्तरण नगर्ने र गर्नै पर्ने अवस्था परेमा मुद्दा विचाराधीन रहेको अदालतलाई जानकारी दिने ।
- म्याद तामेलीमा स्थानीय निकायबाट आवश्यक सहयोग गर्न स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने ।
- अदालत र अर्ध न्यायिक निकायमा न्यायिक कार्यमा संलग्न जनशक्तिलाई तालिम दिन न्यायसेवा तालिम केन्द्रलाई अनुरोध गर्ने ।
- निश्चित अवधिको तालिम प्राप्त वा अध्ययन गरेका जनशक्तिलाई मात्र न्यायसेवाको राजपत्र अनंकित पदमा सेवा प्रवेश गर्ने व्यवस्था गर्न लोकसेवा आयोगलाई अनुरोध गर्ने ।
- बन्दीको स्वच्छ सुनुवाइ र प्रतिरक्षालाई प्रभावकारी बनाउने ।
- न्याय क्षेत्रका सरोकारवालाहरु बीच समन्वय र सञ्चार बढाउन केन्द्रीय र क्षेत्रीयस्तरमा अन्तरक्रिया कार्यक्रम गर्ने ।
- सरकारबादी मुद्दामा सरकारी साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउँदा नियमानुसार पाउने दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने ।



- बिदेशस्थित नेपाली राजदूतावासहरुबाट प्रमाणित अधिकृत वारेसनामा परराष्ट्र मन्त्रालयको वेभसाइटमा राख्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।
- कारागारमा रहेका व्यक्तिहरुका नाउमा अदालतबाट जारी हुने म्याद सूचना जेल प्रशासनले समयमै सम्बन्धित व्यक्तिलाई बुझाउन आवश्यक व्यवस्था मिलाउने ।
- मुद्दामा लगातार कारवाही र सुनुवाइ गर्ने सम्बन्धी जिल्ला अदालत नियमावलीमा रहेको व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्न सरोकारवाला निकायहरुले आवश्यक कार्य गर्ने ।
- अदालतको अन्तिम फैसला अनुसारको दण्ड जरिवाना, कैद, सरकारी विगो आदि बुझाउन बाँकी रहेका व्यक्तिहरुलाई यस्तो दण्ड जरिवाना वा कैद वा सरकारी बिगो असूल उपर नभएसम्म राज्यबाट प्रदान गरिने सेवा सुविधा स्थगन गर्ने ।

## १०. न्याय क्षेत्र समन्वय समितिलाई प्रभावकारी बनाउने केही उपायहरु

- सहयोग र समन्वयका क्षेत्रहरु पहिचान गर्ने र छलफल गर्ने,
- नियमित रुपमा वैठक बसी माथिल्लो निकायमा नियमित प्रतिवेदन गर्ने,
- देखिएका समस्या सम्बन्धमा समितिमा छलफल गरी समाधान गर्ने र स्थानीय रुपमा समाधान हुन नसक्नेमा माथिल्लो न्याय क्षेत्र समन्वय समिति वा केन्द्रसँग अनुरोध गर्ने,
- समन्वय समिति सञ्चालन निर्देशिका वनाउने,
- अनुगमनलाई प्रभावकारी वनाउने तथा पूर्व निर्णयको प्रभावकारी कार्यान्वयन गर्ने,
- सरोकारवालाहरुको संस्थागत उत्तरदायित्व र प्रतिवद्धता सुनिश्चित गर्ने,
- अन्य न्यायिक निकायका न्यायिक काम कारवाहीलाई न्याय क्षेत्र समन्वय समितिभित्र समेट्ने ।

❑